# बौदीकाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun


प.स.: २०८०/८१
च.नं.:

### हार्दिक अपिल

**'सबै बालबालिकाहरुको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता'** भन्ने आदर्श वाक्यका साथ शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान आरम्भ भएको व्यहोरा सबैलाई विदितै छ । यस अभियानमा सहभागी भई विद्यालय उमेर समुहका सबै बालबालिकाहरुलाई पायक पर्ने विद्यालयमा भर्ना गरी नियमित रुपमा विद्यालय पठाउनुहुन बौदीकाली गाउँपालिकावासी दाजुभाइ, दिदीबहिनी तथा शिक्षाप्रेमी महानुभावहरु सम्पूर्णमा हार्दिक अपिल गर्दछु ।

शैक्षिक सत्र २०८१ को पहिलो हप्तालाई विद्यार्थी भर्ना तथा स्वागत कार्यक्रम सञ्चालन गर्ने, नियमित अभिभावक भेटघाट कार्यक्रम मार्फत विद्यालय सेवाक्षेत्र भित्र विद्यालय उमेर समुहका औपचारिक शिक्षाको पहुँच बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गराउने, विद्यालयले निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने जस्ता कार्यक्रम गर्नुहुन विद्यालय व्यवस्थापन समिति, विद्यालय प्रशासन र सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुमा अनुरोध गर्दछु ।

आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क हुने संवैधानिक व्यवस्था, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन, २०७५ तथा नियमावली, २०७७ मा आधारभूत शिक्षा अनिवार्य रुपमा लिनुपर्ने अन्यथा २०८५ सालबाट सरकारी सेवा सुबिधा लिनबाट बञ्चित गरिने प्राबधान समेत रहेको हुँदा समयमा नै आफ्ना बालबालिकालाई विद्यालयमा भर्ना गरी शिक्षा प्राप्त गर्ने बालबालिकाको नैसर्गिक अधिकारको सुनिश्चितता गर्नुहुन सम्पूर्ण अभिभावकहरुमा अपिल गर्दछु ।

माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय तहमा रहेको संवैधानिक व्यवस्था अनुसार सार्वजनिक शिक्षालाई गुणस्तरीय, प्रभावकारी र अभिभावकको रोजाइको बनाउने तर्फ बौदीकाली गाउँपालिका प्रतिबद्ध रहेको छ । सोही अनुसार शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्दै गैरहेको समेत जानकारी गराउँदछु ।शैक्षिक सत्र २०८१ लाई सार्वजनिक शिक्षा सुधार बर्षको रुपमा अगाडि बढाई सामुदायिक विद्यालयलाई अभिभावकको पहिलो रोजाइको विद्यालय बनाउने अभियानमा गाउँपालिका लागेको हुदाँ उक्त अभियानमा सहयोग गर्नुहुन सम्पूर्णमा हार्दिक अपिल गर्दछु ।

# बौदीकाली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun


बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डेढगाउँ, नवलपरासी (ब.सु.पू) गण्डकी प्रदेश, नेपाल २०७३

प.स.: २०८०/८१
च.नं.:

अन्तमा शैक्षिक सत्र २०८१ को सुरुवातसंगै आफ्ना बाबुनानीहरुलाई पायक पर्ने विद्यालयमा भर्ना गरी शिक्षा पाउने अधिकार सुनिश्चित गर्नुहुन, विद्यालयमा भर्ना गर्न कुनै समस्या परेको खण्डमा गाउँपालिकामा सम्पर्क गर्नुहुन सम्पूर्ण अभिभावक तथा शिक्षाप्रेमी महानुभावहरुमा अनुरोध गर्दछु ।

मितिः २०८१ /०१/०३ गते सोमबार

प्रकाश ओझा
गाउँपालिका अध्यक्ष
९८५७०४१०८२


जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी